# National News

## July 17th, 2024

## Wednesday

प्रमुख समाचार:

1. प्रधानमन्त्री श्री नरेन्द्र मोदीद्वारा विश्वव्यापी आर्थिक वृद्धिको लागि मेक इन इन्डियाको सफलताको प्रशंसा
2. सरकारले संसदको बजेट अधिवेशनअघि आइतबार सर्वदलीय बैठक गर्ने
3. ओमानको तटमा तेल वाहक जहाज डुबेपछि १३ भारतीयसहित १६ चालक दलका सदस्यहरू बेपत्ता
4. विश्व जुनियर स्क्वास च्याम्पियनसिपमा भारतका शौर्य बावा कास्य पदक जित्न सफल

### 1. PM Make In India

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भारतको अर्थतन्त्र विश्वव्यापी मञ्चमा अगाडि बढेकोमा प्रशंसा गर्नुभएको छ। प्रधानमन्त्रीले एक सामाजिक सञ्जाल पोस्टमा 'मेक इन इन्डिया' को झलक दिँदै भारतीय साइकलको विश्वभर माग रहेको बताउनुभयो । उहाँले बेलायत, जर्मनी र नेदरल्याण्डमा यसको निर्यात बढेको पोष्टमा उल्लेख गर्नुभएको छ। पोष्टका अनुसार बिहारमा बनेको जुत्ता अब रुसी सेनाले प्रयोग गर्न थालेको, क्रिकेट विश्वकप नजिकिँदै गर्दा कश्मीरमा बनेका ब्याटको ठूलो माग बढेको अनि अमेरिकी बजारमा आफ्ना उत्पादनहरू शुभारम्भ गरेर अमूलले भारतको अद्वितीय स्वादलाई विश्वसामु पुऱ्याइरहेको छ। यसका साथै भारतको UPI प्रणाली अब विश्व- व्यापी बन्दै गएको, भारत र रुसको संयुक्त लगानीमा बनेको ब्रह्मोस मिसाइल अहिले दक्षिण चीन सागरमा तैनाथ गरिएको पनि पोष्टमा उल्लेख छ।

## 2. NADDA – Review Meeting

स्वास्थ्य र परिवार कल्याण मन्त्री श्री जेपी नड्डाले Pharmacy of the World को प्रतिष्ठा अनुरूप विश्व-स्तरीय औषधि मानक ढाँचा बनाउन जोड दिनुभएको छ। उहाँले उत्पादनको गुणस्तर सुनिश्चित गर्न औषधि तथा चिकित्सा उपकरण उद्योगसँग निरन्तर तालमेल राख्नुपर्नेमा जोड बताउनुभयो । श्री नड्डाले आज औषधि, सौन्दर्य प्रसाधन र चिकित्सा उपकरणहरूको नियमनमा समीक्षा बैठक गर्नुभयो।

## 3. Chauhan - ICAR

केन्द्रीय कृषि मन्त्री श्री शिवराज सिंह चौहानले प्रधानमन्त्री श्री नरेन्द्र मोदीको सन् २०४७ सम्ममा भारतको विकास गर्ने संकल्पमा कृषि र कृषि सम्बन्धित क्षेत्रले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभएको छ। हिजो नयाँ दिल्लीमा भारतीय कृषि अनुसन्धान परिषद्को ९६औँ स्थापना तथा प्रविधि दिवसको अवसरमा श्री चौहानले कृषि भारतीय अर्थतन्त्रको आत्मा र किसान यसको जग भएको बताउनुभयो।

## 4. Mandaviya - Awardee Interaction

युवा मामिला तथा खेलकुदमन्त्री श्री डा मनसुख माण्डवीयले देशका युवा भविष्यका निर्णायक हुने बताउनुभएको छ । उहाँले सरकार विभिन्न योजना तथा कार्यक्रम मार्फत युवाहरुलाई सशक्त गर्न प्रतिबद्ध रहेको दोहोऱ्याउनुभयो । मन्त्रीले आज नयाँ दिल्लीमा राष्ट्रिय युवा पुरस्कार विजेताहरू र राष्ट्रिय सेवा योजना (NSS) पुरस्कार विजेताहरूसँग अन्तरक्रिया गर्नुभयो।

## 5. Jitendra – Healthcare

विज्ञान तथा प्रविधिमन्त्री श्री डा जितेन्द्र सिंहले सुलभ स्वास्थ्य सेवाका लागि अत्याधुनिक प्रविधिको प्रयोगमा जोड दिनुभएको छ । डा. सिंह आज नयाँ दिल्लीमा एक कार्यक्रमलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। आयुष्मान कार्ड, डिजिटल हेल्थकेयर मिशन, पीएम जनऔषधि जस्ता विभिन्न योजनाहरूको महत्त्वलाई प्रकाश पार्दै मन्त्रीले भन्नुभयो , स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्न प्रविधिले महत्त्वपूर्ण भूमिका खेल्छ। आफ्नो सम्बोधनमा डा जितेन्द्र सिंहले सार्वजनिक र निजी क्षेत्रबीचको सहकार्य बढाउनुपर्नेमा जोड दिनुभयो ।

6. Jaishanker - Maurisus

विदेश मन्त्री डा एस जयशंकरले आज मौरिससको आधिकारिक भ्रमणको क्रममा मौरिससका पूर्व प्रधानमन्त्रीहरू डा नवीन रामगुलाम र पल बेरेन्जरसँग भेटवार्ता गर्नुभएको छ। भेटवार्ताको क्रममा द्विपक्षीय साझेदारी र यसको थप विकासका लागि विशाल सम्भावनाहरूबारे छलफल भएको बताइएको छ। डा. जयशंकरले विपक्षी दलका नेता डा. अरविन बुलेललाई पनि भेट्नुभएको छ।

7. All Party Meeting

संसदको बजेट अधिवेशनअघि केन्द्र सरकारले आइतबार सर्वदलीय बैठक बोलाएको छ । बैठकमा सरकारले संसद्का दुवै सदनको कामलाई सहज बनाउन सबै राजनीतिक दलसँग सहकार्य गर्न अनुरोध गर्नेछ । बजेट अधिवेशन यही महिनाको २२ देखि अगस्त १२ सम्म चल्नेछ । जुलाई २३ मा बजेट प्रस्तुत हुनेछ । यो नरेन्द्र मोदी सरकारको तेस्रो कार्यकालको पहिलो बजेट हुनेछ ।

8. Niti Aayog

केन्द्र सरकारले नीति आयोगको पुनर्गठन गरेको छ। आयोगमा रक्षामन्त्री श्री राजनाथ सिंह, गृहमन्त्री श्री अमित शाह, वित्तमन्त्री श्रीमती निर्मला सीतारमण र कृषिमन्त्री श्री शिवराज सिंह चौहानलाई पदेन सदस्यमा समावेश गरिएको छ । आयोगको अध्यक्षमा प्रधानमन्त्री र उपाध्यक्ष श्री सुमन बेरी छन् । श्री वीके सारस्वत, प्रोफेसर रमेश चन्द, डा वीके पल र श्री आनन्द विरमानी आयोगका पूर्णकालिक सदस्य हुन्।

9. Prez Speech Book

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुको कार्यकालको पहिलो वर्षका ७५ महत्वपूर्ण भाषणहरू संकलन गरिएको पुस्तक "विंग्स टु आवर होप्स - भोल्युम-१" भोलि नयाँ दिल्लीमा विमोचन हुँदैछ। कृषि मन्त्री श्री शिवराज सिंह चौहानले यो ई-बुक विमोचन गर्नु हुनेछ। कार्यक्रममा सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णवको उपस्थिति रहनेछ । प्रकाशन विभागले प्रकाशित गरेको यो पुस्तक हिन्दी र अंग्रेजी भाषामा उपलब्ध हुनेछ ।

## 10. Railway – Nanhe Faristey

रेलवे सुरक्षा बल–आरपीएफले अपरेशन नान्हे फरिष्टे अन्तर्गत विगत सात वर्षमा ८४ हजारभन्दा बढी बालबालिकाको उद्धार गरेको छ । रेल मन्त्रालयका अनुसार, Nanhe Farishte विभिन्न भारतीय रेलवे क्षेत्रहरूमा हेरचाह र सुरक्षाको खाँचोमा परेका बालबालिकाहरूलाई बचाउन समर्पित अभियान हो। उद्धार गरिएका बालबालिकाहरूलाई जिल्ला बाल कल्याण समितिमा बुझाइने मन्त्रालयले जनाएको छ । उद्धार गरिएका बालबालिकामा भागेका, बेपत्ता भएका, असहाय, अपहरणमा परेका, मानसिक रूपमा अपाङ्गता भएका र सडक बालबालिका रहेका छन् । यस वर्षको मे महिनासम्म आरपीएफले चार हजार ६०७ बालबालिकाको उद्धार गरेको र गत वर्ष ११ हजार ७९४ बालबालिकाको उद्धार गरिएको मन्त्रालयले जनाएको छ ।

## 11. Oman Oil Tanker

ओमानको तटमा तेल वाहक जहाज डुब्दा १३ भारतीय र तीन श्रीलंकाली नागरिकसहित १६ चालक दलका सदस्यहरू बेपत्ता भएका छन्। ओमानको सामुद्रिक सुरक्षा केन्द्रका अनुसार 'प्रेस्टिज फाल्कन' नामको जहाज ओमानको औद्योगिक बन्दरगाह दुक्म नजिकै डुबेको थियो । यो जहाज यमनको अडेन बन्दरगाहतर्फ गइरहेको थियो । ओमानी अधिकारीहरूले सामुद्रिक अधिकारीहरूसँग खोजी र उद्धार अभियान सुरु गरेका छन्।

## 12. Muharram

आज मुहर्रम हो। यो दिन पैगम्बर मोहम्मदका नाति हजरत इमाम हुसैन शहीद भएको दिन हो। उनले कर्बलामा सत्यको लागि आफ्नो जीवन बलिदान दिएका थिए। यस अवसरमा ताजिया जुलुस निकालिन्छ । दिल्लीमा जामा मस्जिद, निजामुद्दीन, ओखला र महरौलीलगायत विभिन्न ठाउँमा जुलुस निकालिएको छ।

## 13. Squash

अमेरिकाको ह्युस्टनमा जारी विश्व जुनियर स्क्वास च्याम्पियनसिपमा भारतका शौर्य बावाले कास्य पदक जितेका छन् । पुरुष एकलको सेमिफाइनलमा शौर्य इजिप्टका मोहम्मद जाकारियासँग पराजित भए ।

## 14. Swiss Open Tennis

स्वीस ओपन टेनिस प्रतियोगिताको प्रि-क्वार्टरफाइनलमा भारतका सुमित नागलले भोलि अर्जेन्टिनाका मारियानो नाभोनसँग खेल्दैछन्। यसअघि सुमितले स्वीडेनका इलियास यमरलाई पराजित गर्दै अन्तिम १६ मा प्रवेश गरेका थिए । योसँगै सुमित एटीपी टेनिस एकल वरियतामा उत्कृष्ट ६८ औं स्थानमा पुगेका छन् ।